नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : २०/२०७५-७६** **मितिः २०७५/१०/२८**

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्र प्राप्त "क" र "ख" वर्गका बैंक/वित्तीय संस्थाहरू तथा अन्य इजाजतपत्रप्राप्त संस्थाहरु

**विषय : एकीकृत परिपत्र -२०७४(नवीकरण उर्जा सम्बन्धी विषय)मा संशोधन गरिएकोबारे ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकिकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही वमोजिम गर्नु/गराउन हुन विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**१. एकीकृत इ.प्रा. परिपत्र, २०७४ को ई.प्रा. परिपत्र १९/२०७४ को बुँदा (५) को खण्ड (क) र (ख) लाई देहाय बमोजिम संशोधन/परिमार्जन गरिएको छ ।**

**(५) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारणसँग सम्बन्धित आयोजना/परियोजनाका लागि परिवर्त्य विदेशी मुद्रामा ऋण प्रदान गर्ने सम्बन्धी व्यवस्था :**

(क) १०० किलोवाट देखि १००० किलोवाटसम्म विद्युत शक्ति उत्पादन गरी बिक्री वितरण गर्ने निजी क्षेत्रका उद्योग तथा आफ्नै प्रयोजनका लागि विद्युत उत्पादन गरी खपत गर्ने उद्योगहरूलाई निम्न शर्तहरूको अधीनमा रही परिवर्त्य विदेशी मुद्रामा अल्प वा मध्यमकालीन ऋण प्रदान गर्न सकिनेछ :

(१) सानो स्केलमा नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन गरी बिक्री वितरण गर्ने वा कुनै उद्योगले आफ्नै प्रयोजनका लागि नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन गर्नका निमित्त परिवर्त्य विदेशी मुद्रामा लगानी गर्नुपर्ने भएमा मात्र यस्तो ऋण प्रदान गर्न सकिनेछ ।

(२) यसरी प्रदान गरिने ऋण नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन सम्बन्धी उपकरणहरूको आयात भुक्तानी गर्ने प्रयोजनका लागि मात्र उपयोग गर्नुपर्नेछ ।

(३) यस्तो ऋण सुविधा उपलब्ध गराउँदा नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादनका उपकरणहरू आयात गर्न खोलिएका प्रतीतपत्रको आधारमा मात्र गर्नुपर्नेछ ।

(४) यस्तो ऋणमा लाग्ने व्याज दर सम्बन्धित बैंकले स्वयम् तोक्न सक्नेछ ।

(५) आफ्नो उद्योगको आवश्यकता बाहेक नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन गरी बिक्री वितरण गर्ने साना स्केलका उद्योगहरूको हकमा भने यस प्रकारको ऋण सुविधा प्रदान गर्दा यस बैंकको पूर्व स्वीकृति लिनुपर्नेछ ।

(ख) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारणसँग सम्बन्धित आयोजना/परियोजना एवम् नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन गरी खपत गर्ने र आफूलाई बढी भएको ऊर्जा बिक्री वितरण गर्ने फर्म/कम्पनी/उद्योग/व्यवसायहरुलाई देहायका शर्तहरुको

अधीनमा रही यस्तो ऋण परिवर्त्य विदेशी मुद्रामा आवश्यकता अनुरुप अल्पकालीन/मध्यकालीन/दीर्घकालीन ऋण प्रदान गर्न सकिनेछ :

(१) नेपाल सरकारको सम्बन्धित निकायबाट विद्युत उत्पादनको लागि अनुमति प्राप्त गरी विद्युत खरिद सम्झौता (Power Purchase Agreement) गरेका वा आफै बिक्री वितरण गर्न स्वीकृति प्राप्त गरेका आयोजना/परियोजना/फर्म/कम्पनी/उद्योग/व्यवसायहरुलाई मात्र यस्तो ऋण प्रदान गर्न सकिनेछ ।

(२)नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) प्रसारण तथा वितरण गर्ने आयोजना/परियोजनाको हकमा नेपाल सरकारको सम्बन्धित निकायबाट विद्युत प्रसारण तथा बितरणको लागि अनुमति प्राप्त गरेको हुनुपर्ने छ ।

(३) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारणको लागि आवश्यक पर्ने मेशिनरी, उपकरण र सर-सामान आयात गर्न एवम् विदेशी पक्षसँग परामर्श, सेवा, प्राविधिक सेवा वा अन्य सेवा लिए बापत भुक्तानी गर्नु पर्ने विदेशी मुद्राको लागि मात्र ऋण प्रदान गर्नु पर्नेछ ।

(४) प्रचलित माध्यमबाट हुने आयातको भुक्तानी र विदेशी पक्षसँग परामर्श सेवा, प्राविधिक सेवा वा अन्य सेवा लिने प्रयोजनको लागि दुई पक्ष बीच भएको संझौता वा अन्य आधिकारिक लिखतको आधारमा सेवा वा वस्तु प्राप्त हुने सुनिश्चितता प्रमाणित हुने कागजातहरु लिएर मात्र ऋण प्रदान गर्नु पर्नेछ ।

(५) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारण आयोजना/परियोजनाको कुल लागतमध्ये नेपाली रुपैंयामा भुक्तानी गर्नु पर्ने रकमको लागि विदेशी मुद्रामा ऋण प्रवाह गर्न पाइने छैन ।

(६) सम्बन्धित फर्म/कम्पनी/उद्योगको नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन तथा प्रसारण गर्ने आयोजना/परियोजनाको लागि अनुमति प्रदान गर्ने निकायबाट स्वीकृति भएको आयोजना/परियोजना वा उत्पादनको अनुमानित कुल लागत, लेखापरीक्षण भएको पछिल्लो वासलात तथा अन्य वित्तीय विवरण, व्यवसायिक उत्पादन शुरु हुने अवधिसम्मको प्रक्षेपित (Projected) वित्तीय विवरण र व्यवसायिक उत्पादन शुरु भएपछि वार्षिक आर्जन हुने सक्ने कुल आम्दानीको विवरणको आधारमा नगद प्रवाहको पर्याप्त बिश्लेषण गरी उपयुक्त अनुपातमा मात्र ऋण प्रदान गर्नु पर्नेछ ।

(७) नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) उत्पादन र प्रसारण परियोजनाहरुको लागि परिवर्त्य विदेशी मुद्रामा ऋण प्रवाह गर्दा नवीकरणीय उर्जा (जलविद्युत, सौर्य र वायु उर्जा) परियोजनाको लागि आवश्यक पर्ने यन्त्र, उपकरण, कच्चा पदार्थ आयात गर्न बाहेक अन्य परामर्श सेवा, प्राविधिक सेवा र अन्य सेवाको भुक्तानीको लागि आवश्यक पर्ने विदेशी मुद्राको स्वीकृत ऋण, प्रवाह गर्नु पूर्व आवश्यक कागजातहरु पेश गरी यस बैंकको स्वीकृति लिनु पर्नेछ ।

(८) "क" वर्ग र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले सह वित्तीयकरण (Consortium) सम्झौता गरेर पनि यस्तो ऋण प्रदान गर्न सक्नेछ ।

(९) सहवित्तीयकरण सम्झौताका आधारमा प्रदान गरिने ऋणको सांवा व्याज असुली, ऋणसँग सम्बन्धित आयोजना/परियोजना/फर्म/कम्पनी/उद्योगको अनुगमन तथा निरीक्षण र ऋण सम्बन्धी सम्पूर्ण प्रशासनिक लगायत कानूनी काम कारवाहीहरु गर्ने/गराउने दायित्व तथा जिम्मेवारी अगुवा बैंक (Lead Bank) ले लिनु पर्नेछ ।

(१०)ऋणको साँवा व्याज भुक्तानीको लागि आवश्यक पर्ने विदेशी मुद्राको स्रोत आफैसँग नभएको अवस्थामा सम्बन्धित आयोजना/परियोजना/फर्म/कम्पनी/उद्योगहरुले "क" वर्ग र राष्ट्रिय स्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्था एवम् यस बैंकबाट इजाजतपत्रप्राप्त गरेका विप्रेषण (Remittance) फर्म/कम्पनीसँग प्रचलित विनिमय दरमा विदेशी मुद्रा खरिद गर्न सक्नेछन् । यसरी खरिद गरिने विदेशी मुद्रा ऋणको साँवा व्याज भुक्तानी बाहेक अन्य प्रयोजनमा उपयोग गर्न/गराउन पाइने छैन ।

(११)विदेशी मुद्राको विनिमय दरमा हुने उतार चढावको कारण हुन सक्ने जोखिम व्यवस्थापनको लागि ऋण प्रदायक बैंक/वित्तीय संस्थाले ऋणीलाई उपयुक्त व्यवस्थाहरु अवलम्वन गर्न लगाउनु पर्नेछ र यस्तो व्यवस्था सम्बन्धित ऋणीले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।

(१२) यस्तो ऋणको व्याजदर बैंक/वित्तीय संस्थाहरु आफैले तय गर्न सक्नेछन् ।

भवदीय,

(भिष्मराज ढुंगाना)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय
२. श्री डेपुटी गभर्नरको कार्यालय
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग
८. श्री नेपाल सरकार, भन्सार विभाग
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग
११. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग
१३. श्री नेपाल बैंकर्स संघ
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ
१६. श्री नेपाल उद्योग परिसंघ
१७. श्री नेपाल चेम्बर अफ कमर्श